अर्थ (आय) विभागको सूचना

पत्रसंख्या ११।गृ.वि.१२२।६६६५ मिति ०१२।३।१२।१

अड्डाखानाको सरकारी माल वा कुनै लिमिटेड कम्पनीले सरकारबाट भन्सार सुविधा पाई ल्याएको माल सामान काम नलाग्ने भई वा अरू कुनै कारणले लीलाम वा बिक्री गर्ने गरेमा त्यस्तो माल निकाशी गर्न र रहदमै राखी काम लिन सकने हुँदा त्यस्ता मालमा लाग्ने पैठारी महसूलबारे जाहेर हुँदा सरकारबाट प्रदान गरेको सुविधाको उपयोग गरी महसूल बुझाउन नपर्ने गरी वा साधारण दरबन्दीभन्दा घटी महसूल बुझाई पुग्ने गरी पैठारी गर्नेहरूले त्यस्तो माल यस किसिमको सहूलियत नपाएका संस्था वा व्यक्तिलाई बेच्न वा दान बक्स दिनु-पर्दा पूरा भन्सार महसूल बुझाई मात्र बेच्न वा दान बक्स दिनुपर्छ नबुझाई बेचे दिएको ठहरे भन्सार महसूल छलेसरह सजाय हुनेछ भन्ने ०१२।३।५ मा निर्णय भएकोले सर्वसाधारणलाई थाहा होस् भन्नानिमित्त यो सूचना प्रकाश गरिएको छ। सम्बन्धित अड्डाखानाहरूले पनि सोहीबमोजिम गर्नु गराउनुहोला।

आज्ञाले—

भीमराज,

का. मु. सेक्रेटरी—अर्थविभाग.

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।